# माध्यमिक तहका विद्‌यार्थीहरूको चिठी लेखनमा मौलिकता, रचनात्मकता र भाषिक शुद्‌धता

[१]**मालती खड्का**
[१]उप-प्राध्यापक, काठमाडौँ शिक्षा क्याम्पस, काठमाडौं, नेपाल
E-mail: rudramalati@gmail.com

Received: October 7, 2024
Revised: November 20, 2024
Accepted: December 13, 2024,
Published: December 25, 2024
DOI: https://doi.org/10.3126/sss.v24i1.75387

## लेखसार

भाषाका चार सिपमध्ये लेखन सिप एक महत्वपूर्ण पाटो हो । सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये लेखाइले विद्‌यार्थीको क्षमतालाई स्पष्ट पार्दछ। लेखाइमा मौलिकता, रचनात्मकता र भाषिक शुद्धताको विशेष महत्व हुन्छ । माध्यमिक तहमा अध्ययन गर्ने विद्‌यार्थीहरूलाई विभिन्न सिपहरू सिकाउनु पर्ने हुन्छ, जसमध्ये लेखन सिप एक अपरिहार्य पक्ष हो । यही सिप अनुसार विद्‌यालयमा अध्ययन गर्ने छात्रछात्राले विभिन्न माध्यमबाट आफ्नो अभिव्यक्ति प्रस्तुत गर्छन् । कोही चिठीको माध्यमबाट, कोही बोलेर, त कोही विभिन्न सङ्केतको माध्यमबाट सञ्चार गर्छन् । यस अध्ययनमा काठमाडौँ शिक्षा क्याम्पस, सतुङ्गल र ज्ञानोदय माध्यमिक विद्‌यालय, बाफलमा कक्षा ११ मा अध्ययनरत ४० जना विद्‌यार्थी (२० छात्र र २० छात्रा) को चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यसका साथै विद्‌यार्थीहरूको मौलिकता, रचनात्मकता र भाषिक शुद्धताको पनि अध्ययन गरिएको छ । चिठी लेखन क्षमताको अध्ययनले शिक्षण विधि, पाठ्यपुस्तकको तयारी तथा शैक्षिक क्रियाकलापको सङ्गठनिक पक्षलाई सघाउ पुऱ्याउँछ । शिक्षण सिकाइलाई विद्‌यार्थी केन्द्रित बनाउन तथा शिक्षण सिकाइ क्रियाकलापमा नयाँ नयाँ पद्धतिको प्रयोग गर्न आवश्यक छ भन्ने कुरा अध्ययनले देखाएको छ । शिक्षण सिकाइ विद्‌यार्थीको क्षमता, रुचि, आवश्यकता तथा लगनशीलताले मात्र प्रभावकारी हुन्छ भन्ने निष्कर्ष पनि अध्ययनले निकालेको छ । यस अध्ययनले माध्यमिक तहका छात्र र छात्राहरूको चिठी लेखन क्षमताको मौलिकता, रचनात्मकता र भाषिक शुद्धताको अवस्थालाई उजागर गरेको छ । यसले शिक्षकहरूलाई विद्‌यार्थीको लेखन सिप विकास गर्न थप रणनीति बनाउन मद्दत पुग्ने विश्वास गरिएको छ । यसका साथै, विद्‌यार्थीहरूलाई आफ्नो लेखन क्षमता पहिचान गरी सुधार गर्न पनि यो अध्ययन उपयोगी हुन सक्छ ।

शब्दकुञ्जी : चिठी, सञ्चार, संज्ञानवाद, कार्यकलाप, मौलिकता, आविष्कार ।

## परिचय

मानव सभ्यताको विकासक्रममा सञ्चारको माध्यमले महत्त्वपूर्ण भूमिका खेलेको छ । पाषाण युगमा चित्रमार्फत् विचार अभिव्यक्त गर्ने परम्परा एउटा ठुलो आविष्कार थियो । त्यसपछि प्रतीकात्मक लिपि

हुँदै ध्वनिमूलक लिपिको विकासले लेखनलाई नयाँ आयाम दियो । आवाज वा ध्वनिको अंशलाई दृश्य चिह्नमार्फत् चिनाउन सकिने खोजले सफलता पायो । सुरुमा वर्ण, शब्द र अक्षरको आविष्कार भयो । यी आविष्कारलाई लेखन परम्पराको कोटिमा नराख्ने हो भने पनि आजभन्दा १२ हजार वर्ष अघिदेखि मान्छेले निरन्तर आफ्नो भावनालाई अभिव्यक्त गर्न कुनै न कुनै माध्यम अँगालि रहेको छ (ढकाल, २०६२) ।

सिकाइ सिद्धान्तका विभिन्न समूहमध्ये संज्ञानवाद पनि एक हो, जसअनुसार सिकाइ सिक्ने सिकारु वा प्राणीको बौद्धिक क्षमतामा निर्भर गर्छ (पोखरेल, २०६६) । संज्ञानवाद गेस्टाल्सवादसँग सम्बन्धित छ । मेसोपोटामिया, ग्रिस, साइबेरिया जस्ता स्थानहरूमा पाइएका तस्बिरहरूले लेखन कलाको सर्वप्राचीन चित्र लिपिलाई इङ्गित गर्दछ (तामाङ, २०७७) । अहिलेसम्म प्राप्त विवरणअनुसार दक्षिणी फ्रान्स, स्पेन, ग्रिस, इटाली, पोर्चुगल आदि ठाउँहरूमा यस्ता प्राचीन चित्रहरू पाइएका छन् । यी चित्रहरू हस्तिहाड, रूखको बोक्रा, पशुको छाला र माटोका भाँडाहरूमा बनाउने गरिएको थियो ।

नेपाली भाषा लेखिएको देवनागरी लिपिको विकासको प्रक्रिया ब्राह्मी लिपिबाट सुरु भएको मानिन्छ । ब्राह्मी लिपिबाट विकास भएर पूर्व लिच्छवि, त्यसपछि उत्तर लिच्छवि हुँदै मध्यकालदेखि नै नेवारी र उत्तरमध्य कालदेखि देवनागरी लिपिको विकास भएको देखिन्छ, जसमा विभिन्न शाखा लिपिको पनि विकास भयो (तामाङ, २०७७) ।

भाषा मानवीय वस्तु हो । भाषाका माध्यमबाट नै मानिसले आफ्ना विचार, अनुभव साट्ने र व्यावहारिक जीवनमा प्रयोग गर्ने गर्दछन् । त्यसकारण भाषालाई विचार विनिमयको साधन पनि भनिन्छ । भाषाका मौखिक र लिखित गरी दुई रूप हुन्छन् । भाषाको मूल रूप मौखिक हो । पढ्न र लेख्न नजान्ने मानिसले पनि मौखिक रूपमा आफ्नो जीविकोपार्जनका लागि मूल रूपलाई नै प्रयोग गर्ने गर्दछन् । भाषाको औपचारिक रूप भनेको लिखित रूप हो । व्यक्तिले आर्जन गरेका ज्ञान र सिपलाई अरूसमक्ष प्रस्तुत गर्न लिखित माध्यम अपरिहार्य छ । त्यसकारण लेखाइ सिपलाई विद्यालयको तल्लो तहदेखि नै विकास गर्दै लैजान आवश्यक छ ।

लेखन सिप विकास प्रक्रियामा चिठी लेखन एक महत्त्वपूर्ण क्रियाकलापमा आउँछ । विद्यार्थीहरूका चिठी लेखन प्रक्रियामा विभिन्न तौरतरिका, मनोभाव, अनुभूति समावेश हुने हुँदा उनीहरूको लिखित क्षमता पहिचान गर्ने आधारको रूपमा चिठी लेखन भएकाले यसको आवश्यकता र महत्त्व अपरिहार्य रहेको छ । लक्षित तह र समूहका विद्यार्थीहरूको लेखाइ क्षमताको पहिचान गरी सोही आधारमा पाठ्यक्रमलाई पाठ्यपुस्तक निर्माणका क्रममा छनोट स्तरण गर्न यस प्रकारको अध्ययनले सहयोग गर्दछ । सम्बन्धित कक्षाका विद्यार्थीहरूको लेखाइसम्बन्धी क्षमता पहिचान, वर्ण विश्लेषण, चिठी लेखन सिप जस्ता कार्यहरूको पहिचान गर्न सकिन्छ । लैङ्गिक आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमता पहिचान गर्न प्रस्तुत अध्ययन मार्गदर्शक बनेको छ । चिठी लेखनले विद्यार्थीको लेखन सिपको विकास मात्र नगरी, उनीहरूको सिर्जनात्मकता र भावनात्मक अभिव्यक्तिलाई पनि बढावा दिन्छ ।

## चिठीको परिचय

चिठी लेखन एक सशक्त माध्यम हो जसले मानवीय अनुभव, विचार र भावनालाई साटासाट गरी व्यक्तिगत सम्बन्धलाई प्रगाढ बनाउँछ । सामान्यतयाः चिठीले एक ठाउँको कुरा अर्को ठाउँमा पुऱ्याउन सहयोग

गर्दछ (खनाल, २०७५)। कुनै व्यक्तिले आफ्ना मनमा लागेका विचार, भावना र अनुभूति अरूका सामु कसरी प्रस्तुत गर्न सक्छ भन्ने कुरा लेखाइ सिप परीक्षणबाट पत्ता लगाउन सकिन्छ। यसका लागि सञ्चार सिपको महत्वपूर्ण भूमिका हुन्छ। बोली, शब्द, सङ्केत र हाउभाउको माध्यमबाट सूचना वा जानकारीको आदानप्रदान गर्ने प्रक्रिया नै सञ्चार हो (पाठक, २०७६)। सञ्चारबिना कुनै पनि काम प्रभावकारी हुन सक्दैन। व्यक्तिले आफ्ना विचार, भावना तथा विभिन्न सूचनाहरू बोलीद्वारा अभिव्यक्त गर्दछ भने त्यसलाई मौखिक अभिव्यक्ति भनिन्छ भने उक्त विचार तथा भावना एवम् सूचनाहरू लेखेर अरू समक्ष प्रस्तुत गर्दछ भने त्यसलाई लिखित अभिव्यक्ति भनिन्छ (खनाल, २०७५)।

चिठी लेखनलाई लिखित अभिव्यक्तिको एक महत्त्वपूर्ण रूप मानिन्छ। चिठीका माध्यमबाट व्यक्तिले आफ्नो मनमा लागेका विचार र भावना अरूसमक्ष प्रस्तुत गर्न सक्छ। भाषाका माध्यमबाट आफ्ना विचार अरू समक्ष पुऱ्याउन तयार गरिने लिखित सन्देशलाई नै चिठी भनिन्छ। चिठी पत्र अनौपचारिक र अत्यन्तै औपचारिक पनि हुन सक्छन् (खनाल, २०७५)। आफ्नो देशमा मात्र नभएर देश बाहिरका विभिन्न भूभागमा पनि चिठी पत्रको आदान प्रदान गर्न सकिन्छ। चिठीका माध्यमबाट व्यक्तिको सम्पर्क बढ्ने हुँदा मित्रता बढ्दै जान्छ। चिठीले भौगोलिक दुरीलाई कम गर्न र सम्बन्धलाई जीवन्त राख्न मद्दत गर्दछ।

चिठी लेखनका विभिन्न शैली हुन्छन्। अनौपचारिकतर्फको व्यक्तिगत चिठीमा व्यक्तिले आफ्नो मनमा लागेका कुराहरू स्वतन्त्र तरिकाले लेख्न सक्छ भने कार्यालयीय चिठी र व्यापारिक चिठी औपचारिक खालको हुन्छ। यसमा सम्बोधन गरी चाहिने सीमित कुरा लेखेर चिठी टुङ्ग्याउनु पर्ने हुन्छ। मित्रता गाँस्न, व्यापार वाणिज्यमा सुधार ल्याउन, आवश्यक सामानहरू पठाउन तथा ल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले सञ्चारको एक सशक्त माध्यमका रूपमा चिठी पत्रलाई लिने गरिन्छ। चिठी पत्र व्यक्तिले व्यक्तिलाई, व्यक्तिले संस्थालाई, संस्थाले व्यक्तिलाई र संस्थाले संस्थालाई पठाउने गर्दछन्। चिठीले सूचना प्रवाह गर्ने मात्र नभई, सम्बन्धलाई बलियो बनाउने र भावनालाई अभिव्यक्त गर्ने महत्त्वपूर्ण भूमिका खेल्दछ।

## लेखाइ सिप विकासमा चिठी लेखनको भूमिका

भाषा विचार विनिमयको साधन हो। भाषा कथ्य र लेख्य माध्यमद्वारा सञ्चालित रहन्छ। कथ्य वा उच्चार्य भाषा वक्ता र श्रोताको आमुन्ने सामुन्ने हुने गर्दछ। कथ्य भाषा क्षणिक समयका लागि हुन्छ भने लेख्य भाषा ऐतिहासिक र कालान्तरिक हुने गर्दछ। त्यसैले मानवीय ज्ञान, संवेग, भावना, कल्पना विचार विमर्शलाई लिपिबद्ध गरी पुस्तौं पुस्तासम्म हस्तान्तरण गर्ने सशक्त माध्यमका रूपमा प्रयोग गरिन्छ। मौखिक भाषाको तुलनामा लिखित भाषा स्तरीय र चिरस्थायी हुने गर्दछ। सर्वसाधारण वा खास व्यक्तिहरूमा आफ्नो विचार एवम् भावना अरू समक्ष पुऱ्याउनका लागि लिखित माध्यम नै उपयोगमा ल्याउने गरिन्छ (चापागाईं, २०६४)। त्यसैले लेखन सिपको मानवीय आवश्यकता पूर्ति गर्ने कार्यमा उच्च स्थान रहेको हुन्छ। मानवीय भावानुभूति आदान प्रदान गर्न लेखन सिप अन्तर्गत चिठी लेखन पनि महत्त्वपूर्ण विधा हो। चिठी व्यक्तिगत, घरायसी तथा कार्यालयीय प्रयोजनका लागि लेख्ने गरिन्छ। यस्तो लेखन प्रारम्भिक तहदेखि उच्च तहसम्म समावेश गरेको पाइन्छ। चिठी व्यक्तिगत रूपमा सञ्चो, बिसञ्चो, पारिवारिक हालखबर, व्यक्तिगत अनुभूति समाहित गरी अनौपचारक भाषा शैलीमा लेख्ने गरिन्छ। यस्तो चिठी व्यक्तिगत वा अनौपचारिक किसिममा संरचित भए पनि व्यक्तिगतभन्दा केही पारिवारिक समूहको

हितप्रति सम्बोधित भएर लेख्ने गरिन्छ । त्यसै गरी कार्यालयमा भए गरेका काम, निर्णय, आग्रह, अनुरोधको प्रयोजनका लागि कार्यालयीय चिठी लेखनको प्रयोग गर्ने गरिन्छ । यस्तो चिठी पूर्ण औपचारिक हुन्छ । मिति, सम्बोधन, कार्यालयको छाप विषय वस्तुको प्रस्तुतिमा मानक भाषाको प्रयोग गर्दै जति सक्दो छोटो, स्पस्ट र प्रभावपरक संरचनामा समापन गरी लेख्ने गरिन्छ (चालिसे, २०६५) । त्यसैले चिठी लेखन सिप विकास गरी सही तरिका अपनाई आफ्ना भावना, आग्रह, अनुरोध आदि सहजताका साथ प्रस्तुत गर्न निपूर्ण बनाउनका लागि चिठी लेखनको भूमिका सबै तह र स्तरका लागि उपयुक्त मानिन्छ ।

भाषिक सिप विकासका लागि लेखाइ सिपको विधा अन्तर्गत चिठी लेखन कला महत्त्वपूर्ण कला हो । चिठी लेखन कलामा विद्यार्थीहरूलाई निर्देशित र स्वतन्त्र रूपमा लेखन कलामा संलग्न गराउन सकिन्छ । पाठ्यक्रममा तल्लो तहदेखि उच्च तहसम्म नै यस विधाको समावेश भएको हुँदा पनि चिठी लेखन कलालाई महत्त्वपूर्ण मानिन्छ । आफ्नो विचार शुद्ध, स्पष्ट, सिलसिलाबद्ध रूपमा हिज्जे, वर्ण विन्यास मिलाइ सुरु, मध्य र अन्त्यको प्रस्तुतीकरण आदि जस्ता लेखाइ सम्बन्धी धारणात्मक, संज्ञानात्मक तथा प्रयोगात्मक सिप विकास गराउन पनि चिठी लेखन कलाले यसको स्थान र भूमिकाको प्रत्याभूति गराउँछ । शिक्षा हासिलको क्रममा मानिसले चिठी, शुभ कामना सन्देश प्रवाह गर्न सक्नु पर्छ र यसै रीत अनुसार व्यावहारिक लेखनलाई अगाडि बढाउनु पर्छ (खनाल, २०७५) ।

## अध्ययन विधि

यो अध्ययन कक्षा ११ मा अध्ययनरत छात्र र छात्राहरूको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन गर्न केन्द्रित छ । चिठी लेखन क्षमतामा विद्यार्थीहरूको मौलिकता, रचनात्मकता र भाषिक शुद्धताको अध्ययन गर्ने उद्देश्य पनि हो । विद्यार्थीहरूसँग प्रत्यक्ष भेट गरी चिठी लेख्न लगाई निष्कर्ष निकाल्नु पर्ने भएकाले यो अध्ययनमा सर्वेक्षण विधिलाई आधार बनाइएको छ । क्षेत्रीय अध्ययन विधिका आधारमा स्वयम् कार्यास्थलमा उपस्थित भएर जनसङ्ख्याको पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण, सङ्कलित तथ्याङ्कको व्याख्या विश्लेषण गर्न तालिका तथा स्तम्भ चित्रको प्रयोग गरिएको छ । शैक्षिक वर्ष २०८१ मा अध्ययनरत विद्यार्थीहरूलाई प्रस्तुत अध्ययनका लागि जनसङ्ख्याका रूपमा लिइएको छ । अध्ययनको प्रयोजन समय र लगानी आदिका कारण विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको हो । काठमाडौँ शिक्षा क्याम्पस, सतुङ्गल र ज्ञानोदय माध्यमिक विद्यालय, बाफलमा कक्षा ११ मा अध्ययनरत ४० जना विद्यार्थी (२० छात्र र २० छात्रा) को चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । व्यक्तिका आआफ्ना रुचि र क्षमता हुने सिद्धान्तका आधारमा गरिएको यो अध्ययनबाट छात्र तथा छात्राहरूको मौलिकता, रचनात्मकता र भाषिक शुद्धताको नतिजा निकालिएको छ । छात्र र छात्राको चिठी लेखन क्षमताको यकिन गर्न मूल्याङ्कनका निम्न आधारहरू रहेका छन् :

| क्रम सङ्ख्या | मूल्याङ्कनका आधार | अङ्क |
|---|---|---|
| १. | शीर्ष भाग र समापन ढाँचा | २.५ |
| २. | सम्बोधन ढाँचा | १ |
| ३. | प्रस्तुतीकरण शैली (रचनात्मकता) | १ |
| ४. | विषय वस्तु (मौलिकता) | ३ |
| ५. | भाषिक शुद्धता | १.५ |
| ६. | खामको नमुना | १ |

## परिणाम र छलफल

### छात्रहरूको चिठी लेखन क्षमताको विश्लेषण

काठमाडौँ शिक्षा क्याम्पसमा र ज्ञानोदय माध्यमिक विद्यालयको कक्षा ११ मा अध्ययन गर्ने १०/१० जना छात्र विद्यार्थीहरूको चिठी लेखन क्षमता परीक्षण गरी प्राप्त नतिजाका आधारमा व्याख्या र विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ। दुबै विद्यालयका गरी २० छात्र विद्यार्थीहरू अध्ययनमा सहभागी थिए।

तालिका १

**छात्रको चिठी लेखन क्षमताको विश्लेषण**


| कुल विद्यार्थी सङ्ख्या | प्रतिशत श्रेणी | छात्र | |
|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत |
| | ० - ३९ प्रतिशतसम्म | - | - |
| | ४० - ५९ प्रतिशतसम्म | १२ | ६० |
| | ६० - ७९ प्रतिशतसम्म | ८ | ४० |
| २० | ८० प्रतिशतभन्दा माथि | - | - |

*स्रोत : स्थलगत अध्ययन, २०८१*

माथिको प्रतिशताङ्क तालिकामा २० जना छात्रहरूलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा छनोट गरी उनीहरूको चिठी लेखन क्षमतालाई चार स्तरमा वर्गीकरण गर्दा ३९ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या नरहेको पाइयो। ४०-५९ प्रतिशत अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या १२ जना रहेका छन् भने उनीहरूले ६० प्रतिशत अङ्क प्राप्त गरेको पाइयो। ६०-७९ प्रतिशत अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या ८ जना रहेका छन्। उनीहरूले ४० प्रतिशत अङ्क प्राप्त गरको पाइयो। ८० भन्दा माथि अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या छैन।

### लेखाइमा मौलिकता, रचनात्मकता र भाषिक शुद्धता

चिठी लेखन क्षमताको कुल १० पूर्णाङ्कमध्ये मौलिकताका लागि ३, रचनात्मकताका लागि १ र भाषिक शुद्धताका लागि १.५ अङ्क विनियोजन गरिएको थियो । जस अनुसार मौलिकतातर्फ छात्र विद्यार्थीहरूले समग्रमा १.९ अङ्क प्राप्त गरे । त्यस्तै रचनात्मकततातर्फ ०.५ अङ्क प्राप्त गर्दा उनीहरूको भाषिक शुद्धतामा समग्र प्राप्त अङ्क १ रह्यो ।




*स्रोत : स्थलगत अध्ययन, २०८१*

### छात्राको चिठी लेखन क्षमताको विश्लेषण

छात्राहरूको चिठी लेखन क्षमताको अध्ययनका लागि पनि काठमाडौँ शिक्षा क्याम्पसमा कक्षा ११ मा अध्ययन गर्ने १० जना र ज्ञानोदय माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययन गर्ने १० जना छात्रा विद्यार्थीहरूको चिठी लेखन क्षमता परीक्षण गरी प्राप्त नतिजाका आधारमा व्याख्या र विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ । दुबै विद्यालयका गरी २० छात्रा विद्यार्थीहरू अध्ययनमा सहभागी थिए ।

**तालिका २**

**छात्राको चिठी लेखन क्षमताको विश्लेषण**

| कुल विद्यार्थी सङ्ख्या | प्रतिशत श्रेणी | छात्रा | |
|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत |
| | ० - ३९ प्रतिशतसम्म | - | - |
| | ४० - ५९ प्रतिशतसम्म | ४ | २० |
| | ६० - ७९ प्रतिशतसम्म | १६ | ८० |
| २० | ८० प्रतिशतभन्दा माथि | - | - |

*स्रोत : स्थलगत अध्ययन, २०८१*


माथिको प्रतिशताङ्क तालिकामा २० जना छात्राहरूलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा छनोट गरी उनीहरूको चिठी लेखन क्षमतालाई चार स्तरमा वर्गीकरण गर्दा ३९ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने छात्राको सङ्ख्या रहेन । ४०-५९ प्रतिशत अङ्क प्राप्त गर्ने छात्राको सङ्ख्या ४ जना रहेको पाइयो । यी विद्यार्थीहरूको २० प्रतिशत हुन आउँछ । त्यसै गरी ६०-७९ प्रतिशत अङ्क प्रप्त गर्ने छात्राको सङ्ख्या १६ जना रहेको पाइयो, यसलाई प्रतिशतमा हेर्दा ८० प्रतिशत हुन आउँछ । यसरी हेर्दा उच्च प्रतिशत अङ्क प्राप्त गर्ने छात्राको सङ्ख्या धेरै रहेको पाइयो ।

## लेखाइमा मौलिकता, रचनात्मकता र भाषिक शुद्धता

छात्राहरूका लागि पनि चिठी लेखन क्षमताको कुल १० पूर्णाङ्क मध्ये मौलिकताका लागि ३, रचनात्मकताका लागि १ र भाषिक शुद्धताका लागि १.५ अङ्क विनियोजन गरिएको थियो । जस अनुसार मौलिकतातर्फ छात्रा विद्यार्थीहरूले समग्रमा २ अङ्क प्राप्त गरे । त्यस्तै रचनात्मकततातर्फ ०.६ अङ्क प्राप्त गर्दा उनीहरूको भाषिक शुद्धतामा समग्र प्राप्त अङ्क १.१ रह्यो ।

स्तम्भचित्र २

चिठी लेखनमा मौलिकता, रचनात्मक, भाषिक शुद्धताको पूर्णाङ्क र छात्राहरूले औसतमा प्राप्त गरेको अङ्क




*स्रोत : स्थलगत अध्ययन, २०८१*

## छात्र र छात्राहरूको चिठी लेखन क्षमताको तुलनात्मक विश्लेषण

चिठी लेखन क्षमतामा छात्र र छात्राबिच केही भिन्नता पाउन सकिन्छ। यो भिन्नता उनीहरूको सामाजिक परिवेश, शिक्षा, उमेर र व्यक्तिगत क्षमतामा आधारित हुन्छन्। छात्रहरूले प्रायः औपचारिक र व्यावहारिक विषयमा चिठी लेख्छन्। उनीहरूको चिठीमा व्यावसायिक कुराहरू, समस्या समाधान, र जानकारी आदानप्रदान जस्ता विषयहरू प्रमुख हुन्छन्। छात्रहरूको भाषा प्रायः औपचारिक र तथ्यपरक हुन्छ। उनीहरूले आफ्नो कुरा स्पष्ट र सीधा रूपमा राख्ने प्रयास गर्छन्। छात्रहरूको चिठी लेखनशैली सङ्क्षिप्त हुन्छ। उनीहरू अनावश्यक कुराहरूबाट बच्ने प्रयास गर्छन्। छात्राहरूले प्रायः भावनात्मक र व्यक्तिगत विषयमा चिठी लेख्छन्। उनीहरूको चिठीमा सम्बन्ध, भावना र अनुभवहरू जस्ता विषयहरू प्रमुख हुन्छन्। छात्राहरूको भाषा प्रायः अनौपचारिक र भावनात्मक हुन्छ। उनीहरूले आफ्नो भावनालाई सहज रूपमा व्यक्त गर्ने प्रयास गर्छन्। छात्राहरूको चिठी लेखन शैली विस्तृत र वर्णनात्मक हुन्छ। उनीहरू आफ्नो कुरालाई सुन्दर र आकर्षक बनाउने प्रयास गर्छन्। सामान्यतया, छात्राहरूको लेखाइमा भावनात्मकता र व्यक्तिगत स्पर्श बढी पाइन्छ। उनीहरू चिठीमा आफ्ना भावना, अनुभव र विचारहरूलाई स्पष्ट रूपमा व्यक्त गर्न सक्षम हुन्छन्। छात्रहरू भने व्यावहारिक र सूचनामूलक लेखनमा अगाडि देखिन्छन्। उनीहरूले चिठीमा तथ्यपरक जानकारी, उद्देश्य र सन्देशलाई प्राथमिकता दिन्छन्। यद्यपि, यो सामान्य प्रवृत्ति मात्र हो र व्यक्तिगत क्षमतामा फरक पर्न सक्छ। केही छात्रहरू पनि भावनात्मक लेखनमा उत्तिकै पोख्त हुन सक्छन् भने केही छात्राहरू पनि सूचनामूलक लेखनमा अब्बल हुन सक्छन्। समग्रमा, चिठी लेखन क्षमता विद्यार्थीको रुचि, अभ्यास, निरन्तरता परिवेश तथा व्यक्तित्वमा निर्भर हुने गर्दछ।

तालिका ३

छात्र र छात्राहरूको चिठी लेखन क्षमताको तुलनात्मक विश्लेषण

| कुल विद्यार्थी सङ्ख्या | प्रतिशत श्रेणी | छात्र | | छात्रा | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | ० - ३९ प्रतिशतसम्म | - | - | - | - |
| | ४० - ५९ प्रतिशतसम्म | १२ | ६० | ४ | २० |
| | ६० - ७९ प्रतिशतसम्म | ८ | ४० | १६ | ८० |
| ४० | ८० प्रतिशतभन्दा माथि | - | - | - | - |

*स्रोत : स्थलगत अध्ययन, २०८१*

प्रस्तुत प्रतिशताङ्क तालिका अनुसार छात्र र छात्राको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा कुनै पनि छात्र/छात्राले ०-३९ प्रतिशत अङ्क प्राप्त गरेनन् । ४०-५९ प्रतिशत अङ्क प्राप्त गर्ने छात्र ६० प्रतिशत र छात्रा २० प्रतिशत रहेको पाइयो । ६०-७९ प्रतिशत अङ्क प्राप्त गर्ने छात्र ४० प्रतिशत हुँदा छात्राले भने ८० प्रतिशत प्राप्त गरे ।

समग्र छात्र र छात्राको तुलनात्मक रूपमा हेर्दा मध्यम प्रतिशत अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या ६० प्रतिशत र छात्राको सङ्ख्या २० प्रतिशत रहेको पाइयो । त्यसैगरी उच्च प्रतिशत अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या ४० प्रतिशत हुँदा छात्राको सङ्ख्या ८० प्रतिशत रहेको पाइयो । उच्च प्रतिशत अङ्क प्राप्त गर्नेमा छात्रको तुलनामा छात्राको प्रतिशत उच्च रहेको पाइन्छ । अति उच्च प्रतिशत अङ्क भने कसैले पनि प्राप्त गर्न सकेनन् । त्यस्तै मौलिकतातर्फ छात्रले औसतमा १.९ अङ्क प्राप्त गर्दा छात्राले औसतमा २ अङ्क अङ्क प्राप्त गरे । छात्रले औसतमा ०.५ अङ्क प्राप्त गरेको रचनात्मक लेखाइमा छात्राको औसत प्राप्ताङ्क ०.६ रह्यो । भाषिक शुद्धतामा छात्रले औसतमा १ अङ्क प्राप्त गरे भने छात्राले औसतमा १.१ अङ्क प्राप्त गरे ।

## निष्कर्ष

चिठी लेखन एक पुरानो र प्रभावकारी माध्यम हो जसले मानिसहरूलाई आफ्ना विचार, भावना र अनुभवहरू साटासाट गर्न अनुमति दिन्छ । यो केवल सूचना आदानप्रदान गर्ने माध्यम मात्र नभई, व्यक्तिगत सम्बन्धलाई प्रगाढ बनाउने र मानवीय अनुभवलाई समृद्ध पार्ने एउटा सशक्त उपकरण पनि हो । चिठी लेखनले मानिसलाई आफ्नो अन्तरमनका कुराहरू खोल्न, भावनाहरूलाई व्यक्त गर्न र अरूसँगको सम्बन्धलाई नयाँ आयाम दिन मद्दत गर्दछ । यस अध्ययनले विद्यार्थीहरूको लेखन सिपको परीक्षण गरी उनीहरूले कसरी आफ्ना विचार र भावनाहरूलाई चिठीमा प्रस्तुत गर्न सक्छन् भन्ने कुराको विश्लेषण गरेको छ । काठमाडौं शिक्षा क्याम्पस र ज्ञानोदय माध्यमिक विद्यालयका ४० जना विद्यार्थीहरूलाई प्रतिनिधिमूलक रूपमा लिएर गरिएको अध्ययनले केही रोचक तथ्यहरू बाहिर ल्याएको छ । विद्यार्थीहरूलाई

प्रश्नावलीमा आधारित चिठी लेख्न लगाएर उनीहरूको लेखन सिपको मूल्याङ्कन गरिएको थियो ।

अध्ययनले छात्रा विद्यार्थीहरूको चिठी लेखन क्षमता छात्रहरूको तुलनामा राम्रो रहेको देखाएको छ । छात्रा विद्यार्थीहरूले मौलिकता, रचनात्मकता र भाषिक शुद्धतामा छात्रहरूलाई उछिनेका छन् । यद्यपि, यो किन भयो भन्ने कुराको थप अनुसन्धान आवश्यक छ । यदि वर्षमा कम्तीमा तीन पटक गरिने मूल्याङ्कनमा पनि यस्तै नतिजा आयो भने यसको कारण पत्ता लगाउन थप अध्ययनलाई निरन्तरता दिनुपर्ने हुन्छ । यस अध्ययनको प्रारम्भिक निष्कर्षले छात्रा विद्यार्थीहरूको चिठी लेखन र सिर्जनात्मक क्षमता राम्रो भएकोले भविष्यमा उनीहरूलाई यस्तै सिपमूलक कार्यको जिम्मेवारी दिँदा थप प्रभावकारी हुन सक्छ भन्ने सङ्केत गर्दछ । यसका साथै, शिक्षण संस्थाहरूलाई यस्ता अध्ययनले शैक्षिक योजना बनाउन र विभिन्न कार्यक्रमहरूको योजना बनाई कार्यान्वयन गर्न सहयोग पुग्ने हुँदा शैक्षिक गुणस्तर सुधारमा पनि टेवा पुग्नेछ । त्यसैले, शिक्षण संस्थामा अध्ययन अध्यापन गर्ने शिक्षक, विद्यार्थी र शिक्षण संस्थाहरूले नियमित रूपमा अध्ययन अनुसन्धानका कार्यलाई निरन्तरता दिनुपर्छ र अध्ययन अनुसन्धानका लागि प्रोत्साहनको नीति लिनुपर्छ । आजको दिनमा अध्ययन अनुसन्धान बिना शैक्षिक गुणस्तर सुधार गर्न खोज्नु केवल समयको बर्बादी मात्र हो । चिठी लेखन जस्ता मानवीय सम्बन्धलाई बलियो बनाउने सिपहरूको विकासका लागि यस्ता अध्ययनहरूले महत्वपूर्ण भूमिका खेल्दछन् ।

## सन्दर्भ ग्रन्थ सूची


अधिकारी, हेमाङ्ग राज (२०६५), सामाजिक र प्रयोगिक भाषा विज्ञान, रत्न पुस्तक भण्डार ।

के.सी., मालती (२०७४), कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्व विद्यालय, नेपाली शिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

खनाल, राजेन्द्र (२०७५), व्यवहारिक लेखन तथा सम्पादन, सनलाइट पब्लिकेसन ।

चापागाईं, केवल (२०७३),कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्व विद्यालय, नेपाली शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

चालिसे, विजय (२०६५), समाचार सङ्कलन तथा सम्पादन, साझा प्रकाशन ।

ढकाल, शान्ति प्रसाद (२०६२), नेपाली भाषा शिक्षणः परिचय र प्रयोग, मनकामना बुक्स एन्ड स्टेसनरी ।

पाठक, एकराज (२०७६), आम सञ्चार र पत्रकारिता, पैरवी प्रकाशन ।

पोखरेल, मोहन मणि (२०६६), शैक्षिक मनोविज्ञान, वृहस्पति पुस्तक प्रकाशन ।